# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६९) काठमाडौं, असोज १३ गते, २०७६ साल (संख्या २७

## भाग ३

**नेपाल सरकार**

## गृह मन्त्रालयको सूचना

### प्रहरी (सातौं संशोधन) नियमावली, २०७६

प्रहरी नियमावली, २०७१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

प्रहरी ऐन, २०१२ को दफा ३९ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरूको नाम "प्रहरी (सातौं संशोधन) नियमावली, २०७६" रहेको छ।

(२) यो नियमावली तुरून्त प्रारम्भ हुनेछ ।

२. **प्रहरी नियमावली, २०७१ को नियम ४७ मा संशोधन** : प्रहरी नियमावली, २०७१ (यस पछि "मूल नियमावली" भनिएको) को नियम ४७ को उपनियम (२) को खण्ड (ग)

को उपखण्ड (४) पछि देहायको उपखण्ड (४क) थपिएको छ :-

"(४क) मानव बेचबिखन अनुसन्धान ब्यूरो,"

३. **मूल नियमावलीको नियम ५६क. थप :** मूल नियमावलीको नियम ५६ पछि देहायको नियम ५६क. थपिएको छ :-

"५६क. मानव बेचबिखन अनुसन्धान ब्युरो प्रमुखको काम, कर्तव्य र अधिकार : (१) प्रहरी प्रधान कार्यालयको निर्देशन र नियन्त्रणमा रहने गरी आफ्नो जिम्मेवारी क्षेत्रभित्र मानव बेचबिखन अनुसन्धान ब्यूरो प्रमुखको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी कसूर हुन नदिन आवश्यक व्यवस्था मिलाउने,

(ख) देहाय बमोजिमको मानव बेचबिखन सम्बन्धी कसूर तथा त्यस्तो कसूरसँग सम्बद्ध भई आएका नेपाल प्रहरीले अनुसन्धान गर्ने अन्य फौजदारी कसूरको अनुसन्धान गर्ने वा गराउने :-

(१) मानव बेचबिखन अनुसन्धान ब्यूरोमा जाहेरी परेका कसूर,

(२) कसूरको प्रकृति सङ्गठित, गम्भीर वा जटिल भएको कारण मानव बेचबिखन अनुसन्धान ब्यूरोले अनुसन्धान गर्ने भनी प्रहरी प्रधान कार्यालयले तोकिदिएको कसूर,

(३) मानव बेचबिखन अनुसन्धान ब्यूरोले अनुसन्धान गर्दा बढी प्रभावकारी हुने भनी सम्बन्धित प्रहरी कार्यालयले अनुरोध गरी पठाएकोमा प्रहरी प्रधान कार्यालयले तोकिदिएको कसूर।

(ग) मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी कसूरका पीडितको तत्काल उद्धार गरी आपतकालीन संरक्षण लगायत

अन्य आवश्यक व्यवस्था मिलाउने,

(घ) मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी कसूरको नियन्त्रण तथा सो को अनुसन्धान सम्बन्धी कार्यमा अन्य प्रहरी कार्यालयबाट भए गरेका कामको सुपरिवेक्षण, अनुगमन तथा समन्वय गर्ने,

(ङ) मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी कसूरको केन्द्रीय अभिलेख व्यवस्थापन गर्ने वा गराउने,

(च) तालुक कार्यालयले दिएको निर्देशन पालना गर्ने वा गराउने,

(छ) प्रचलित कानूनले निर्दिष्ट गरे बमोजिमका अन्य कार्यहरु गर्ने वा गराउने ।

(२) मानव बेचबिखन अनुसन्धान ब्यूरोमा जाहेरी परेका वा अनुसन्धानको लागि प्राप्त भएका कसूर सम्बन्धमा अनुसन्धान गर्दा अन्य प्रहरी कार्यालयबाट बाँकी अनुसन्धान कार्य पूरा हुन उपयुक्त देखेमा मानव बेचबिखन अनुसन्धान ब्यूरो प्रमुखले त्यस्ता मुद्दामा सङ्कलित प्रमाण र मिसिल समेत सम्बन्धित प्रहरी कार्यालयमा पठाउनु पर्नेछ ।

(३) मानव बेचबिखन तथा ओसार पसार सम्बन्धी मुद्दाको सम्बन्धमा सम्बन्धित प्रहरी कार्यालयले अनुसन्धान कार्य पूरा गरी सरकारी वकील समक्ष अनुसन्धान प्रतिवेदन पेश गरेपछि सोको जानकारी मानव बेचबिखन अनुसन्धान ब्यूरोलाई समेत दिनु पर्नेछ ।

(४) यस नियम बमोजिम अनुसन्धान तहकिकातको क्रममा मानव बेचबिखन अनुसन्धान ब्यूरोको प्रमुखले खटाएको प्रहरी कर्मचारीले प्रचलित कानून बमोजिम अनुसन्धान अधिकारीलाई भए सरहको अधिकार प्रयोग गरी नेपालभर काम गर्न सक्नेछ।"

४. <u>मूल नियमावलीको अनुसूची-२ मा संशोधन</u> : मूल नियमावलीको अनुसूची-२ को,-

(१) क्रमसङ्ख्या १ को खण्ड (ट) पछि देहायको खण्ड (ट१) थपिएको छ :-

| | | |
|---|---|---|
| (ट१) मानव बेचबिखन अनुसन्धान ब्यूरो | - | प्रहरी वरिष्ठ उपरीक्षक |

(२) क्रमसङ्ख्या २ को बुँदा नं. (१) को खण्ड (छ) पछि देहायको खण्ड (छ१) थपिएको छ :-

"(छ१) मानव बेचबिखन अनुसन्धान ब्यूरो,"

**आज्ञाले,**

**प्रेम कुमार राई**

**नेपाल सरकारको सचिव**